कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक)

महिला हक हेल्प लाईन

मानभवन, ललितपुर, पो.ब.नं. ३२१६, काठमाण्डौ, नेपाल ।
फोन: ५५४३१११, ५५४२९९९, फ्याक्स: ९७७-१-५५५२८१४
ईमेल : lacc@wlink.com.np | वेभसाईट : www.lacc.org.np

ल्याक महिला हक हेल्प लाईन

☛ **कास्की : पोखरा, मुस्ताङ्ग चोक, यति एरलाइन्स नजिक**
फोन नं. ०६१-४६४३९८
अधिवक्ता शोभा पौडेल
अधिवक्ता कल्पना भण्डारी

☛ **बाँके : नेपालगञ्ज चारबाहिनी रोड वडा नं. १३**
अधिवक्ता सुनिता शर्मा
अधिवक्ता गणेशमान के.सी.

☛ **झापा : भद्रपुर नगरपालिका कृषि विकास बैंक अगाडि चन्द्रगढी, झापा**
फोन नं. ०२३४५६४२३
अधिवक्ता दिपेन्द्र भट्टराई
अधिवक्ता उमा कार्की

☛ **कन्चनपुर: भिमदत्त नगरपालिका वडा नं. ४ भगतपुर चोक, वन कार्यालय अगाडि**
फोन नं. ०९९५२५८०३

☛ **काभ्रे : जिल्ला विकास समितिको कार्यालय अगाडि**
अधिवक्ता रमेश हुमागाई
अधिवक्ता रमिता मानन्धर

☛ **सिन्धुपाल्चोक: महिला बालबालिका कार्यालय, चौतारा**
अधिवक्ता चन्द्र बहादुर बस्नेत

नेतृत्व विकास तालिमका सहभागीहरुका केही

सफल कथाहरु

USAID
अमेरिकी जनताबाट

The Asia Foundation

कानुनी सहयोग तथा परामर्श केन्द्र

यो “नेतृत्व विकास तालिमका सहभागीहरुका केही सफल कथाहरु’’ सम्वन्धि पूस्तिका अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युयसएआइडी) मार्फत अमेरिकी जनताहरुको सहयोगका कारण सम्भब बनेको हो । यस पुस्तिका भित्रका विषयबस्तु र सामग्री कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) को एकल जिम्मेवारी हुन र तिनले युयसएआइडी वा अमेरिकी सरकार र द एसिया फाउण्डेशनको विचार प्रतिविम्बित गर्छन् भन्ने जरुरी छैन ।

© युयसएआइडी वा अमेरिकी सरकार, द एसिया फाउण्डेशन र कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक)

नेतृत्व विकास तालिमका सहभागीहरूका केही सफल कथाहरू

आभार

यो पुस्तिकामा कानुनी सहयोग तथा परामर्श केन्द्र ल्याकद्वारा आयोजित मानव वेचविखन विरुद्ध सचेतना, महिला सशक्तिकरण तथा नेतृत्व विकास तालिमका केही सहभागीहरुका सफल कथाहरु प्रस्तुत गरिएको छ । यो पुस्तिका Combating Trafficking in Person(CTIP) परियोजना मार्फत युएसएआइडी वा अमेरिकी सरकार आर्थिक सहयोग तथा द एसिया फाउण्डेशनकाको आर्थिक तथा प्राविधिक सहयोगमा उत्पादन भएको हो । यो पुस्तक कार्यक्रम संयोजक अनिता न्यौपाने थपलियाले जिल्ला संयोजक सुनिता शर्मा, शालिक राम दुवाडी, राकेश श्रेष्ठ, उद्धव राज भट्ट, चन्द्र बहादुर बस्नेतको सहयोगमा तयार पार्नुभएको हो ।

कानुनी सहयोग तथा परामर्श केन्द्र दात्री संस्थाहरु युएसएआइडी वा अमेरिकी सरकार र द एसिया फाउण्डेशनप्रति हार्दिक आभार व्यक्त गर्दछ । साथै यो परियोजना सफल बनाउन भूमिका खेल्नु हुने समग्र समूह तथा यो पुस्तिका तयार गर्ने समूहप्रति हार्दिक आभार व्यक्त गर्दछ ।

विषयसूची

१. नेतृत्व विकास तालिमको प्रभाव ४

२. नेतृत्व विकास तालिमले फेरिएको जीवन ६

३. नेतृत्व विकासको तालिमले स्थानिय
स्रोतमा बढेको पहुंच ७

४. सामाजिक अभियन्ता बनायो तालिमले ९

५. अन्धकारमा चन्द्रमा बनेकी चन्द्र कुमारी तामाङ्ग १०

६. तालिमले काम गर्ने क्षेत्र विस्तार भएको छ । ११

७. समाजसेवी सरिता १३

८. निर्मला को निर्णय “समाज सेवा” १५

९. कलावतीको संघर्ष १७

१०. पद्मा प्रतिवद्धता १९

नेतृत्व विकास तालिमको प्रभाव

दलचोकी गा.वि.स, ललितपुरकी गा.वि.स सचिव राधा ढकाल मानव वेचविखन विरुद्धको स्थानिय समितिको संयोजकको हैसियतले कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) द्वारा आयोजित मानव वेचविखन न्यूनिकरणमा स्थानिय निकायको भूमिका र महिला सशक्तिकरण तथा नेतृत्व विकास तालिममा भाग लिएकी हुन् । सरकारी कर्मचारीको रुपमा कार्यरत राधालाई "तालिमले आफुभित्र भएको संवेदनशिलता तथा activism लाई प्रस्फुटन गर्न ठूलो मद्दत गरेको" बताउँछिन् । तालिम पहिला आफ्नो कार्यक्षेत्र भित्र आएका समस्या समाधान गर्नुलाई मात्र आफ्नो कर्तव्य ठान्ने राधामा हाल ठूलो परिवर्तन आएको

बताउँछिन् । तालिम लिएर गएपछि काठमाडौं डाछी, मनहरा निवासी ६८ बर्षिय वृद्ध महिलाका श्रीमान् दोस्रो विवाह गरी बसेका र निजलाई नागरिकता दिन इन्कार गर्दै आएका, विगत २० बर्षदेखि ती महिला नागरिकताका लागि गा.वि.स. मा धाउँदा समेत ईन्कार गर्दै आएको कुरा आफुलाई भनेपछि, उक्त गा.वि.स.मा आफैं गएर सम्पूर्ण कानुनी प्रकृया पूरा गरी निजको नागरिकता बनाई दिएको कुरा सुनाईन् । नागरिकता पाएपछि ती महिला वृद्ध भत्ता प्राप्त गर्न थालेकी छन् । आफुलाई यो काम गर्न तालिमले नै आफुभित्र संवेदनशिलता बढाएको कुरा बताउँछिन् राधा ।

तालिममा सिकेको नेतृत्व विकास आफुबाट तथा घरबाट नै गर्नुपर्छ, नेतृत्व गर्न पद र संस्था नै चाहिन्छ भन्ने हैन भन्ने कुरालाई मूल मन्त्र बनाएकी राधाले बिषादीयुक्त तरकारीले मानव स्वास्थ्यमा पारेको असरलाई मध्ये नजर गरी हाल आफ्नो गा.वि.स.मा *"अभियान; अर्गानिक तरकारी लगाउ, पैसा जोगाउ, रोग भगाउ !"* भन्ने नाराका साथ अर्गानिक तरकारी खेती संचालन गरेको कुरा बताउँछिन् । हालसम्म गा.वि.स. का ५० घरहरुले सदस्यता लिई सकेको र प्रत्येक घरमा अर्गानिक खेती गरी तरकारी उत्पादन गरेको कुरा बताउँछिन् । कम्तीमा एउटा घरले आफ्नो लागि मात्रै भएपनि तरकारी उत्पादन गर्ने हो भने प्रत्येक दिन तरकारी किन्ने पैसा जोगिने र रोग नलाग्ने कुरा बताउँदै सबैलाई यो अभियानमा साथ दिन अनुरोध गर्दछिन् ।

नेतृत्व विकास तालिमले फेरिएको जीवन

उर्मिला तामाड, धादिड जिल्लाको गैह्र निम्न माध्यमिक विद्यालयमा शिक्षिकाको रुपमा कार्यरत थिईन् । यसै विचमा उनले मानव वेचविखन विरुद्धको स्थानिय समितिको सदस्य हुने मौका पाईन् । कानुनी सहयोग तथा परामर्श केन्द्र ल्याकले धादिङ, जिल्लामा मानव वेचविखन विरुद्धको स्थानिय समितिका महिला सदस्यहरुको लागि आयोजना गरेको महिला सशक्तिकरण नेतृत्व विकास तालिममा सहभागी हुने अवसर पाईन् । तालिममा सहभागी भए पश्चात् उनले स्थानिय स्तरमा हुने चुनावमा सहभागी भई देश विकासमा जुट्दै आफ्नो गाउँपालिकामा महिला विरुद्ध हुने हिंसा तथा मानव वेचविखन विरुद्धमा काम गर्ने उद्देश्य लिई राजनीतिक दलसंग लबिङ गर्दै आईन् र अन्ततः २०७४ को स्थानिय निर्वाचनमा नेत्रावती गाउँपालिकाको उपाध्यक्ष पदमा प्रतिस्पर्धा गर्दैछिन् । एउटा शिक्षिकालाई राजनीतिकर्मीको रुपमा परिवर्तन गर्न नेतृत्व विकास तालिमले प्रमुख भूमिका खेलेको उनी बताउँछिन् ।

नेतृत्व विकासको तालिमले स्थानिय स्रोतमा बढेको पहुँच

हेटौंडा न.पा., वडा नं. १७ की उर्मिला पुलामीले कानुनी सहयोग तथा परामर्श केन्द्र ल्याकले दिएको मानव वेचविखन विरुद्धको तालिम र महिला सशक्तिकरण तथा नेतृत्व विकास तालिममा भाग लिने अवसर पाएपछि आफुमा स्थानिय स्तरमा भएको स्रोत साधनको बारेमा सूचना थाहा भएको र सोही सूचनाको आधारमा आफुले पहल गरी पहुँच बढेको कुरा जानकारी गराईन् । आफुले तालिम लिएर गए पछि समितिभित्र पनि आफ्नो पहिचान बन्नुको साथै समितिको तर्फवाट आफुले प्रस्ताव पेश गरेकोमा हाल नगरपालिकाबाट रु ५०,०००।– गाउँका गरीव, अनाथ, जेहेन्दार तथा असहाय बालबालिकाको शिक्षाको लागि

मानव बेचविखन तथा ओसारपसार
नियन्त्रण सम्बन्धी सचेतना तथा महिला सशक्तिकरण र
नेतृत्त्व विकास विषयक दुई दिने तालिम कार्यक्रम
२०७२
USAID | NEPAL
The Asia Foundation
LACC

माग गरी प्राप्त गरेको र हाल समितिबाट विद्यार्थी छनौट भईरहेको कुराको जानकारी दिईन् । त्यसैगरी महिलाको वजेटबाट समेत महिलाको कानुनी तथा आर्थिक सशक्तिकरणको लागि रु १,५०,०००।– पास भैसकेको र उक्त रकम प्राप्त भएपछि महिलाको कानुनी अधिकार, तालिम र सजीउन खेती सम्बन्धी तालिम सम्पन्न गर्ने र सजिउन खेतीका लागि सीड मनि समेत दिने भनि समितिबाट निर्णय भएको बताईन् । त्यसैगरी नेतृत्व विकास सम्बन्धी तालिम लिएपछि समितिका तर्फबाट महिला तथा बालवालिका कार्यालयसंग मिटिङ खर्च माग गरेकोमा रु. ३,०००।– प्राप्त भएको र सोबाट निरन्तर मिटिङ बसी मानव बेचबिखन नियन्त्रण गर्ने उद्देश्यले महिलाको आर्थिक सशक्तिकरण सबल गर्ने तथा समसामयिक विषयमा छलफल गर्ने गरेको बताउँछिन् उर्मिला । यसका साथै उर्मिला स्थानिय वन समिति तथा कृषि समितिमा समेत सदस्य भएकोले कृषि बजेटबाट रु ५०,०००।- लिई भरखरै तरकारी खेती तालिम सम्पन्न गरेको वताउँछिन् ।

सामाजिक अभियन्ता बनायो तालिमले

बाँके, गनापुर-२ निवासी राधा विष्ट गाउँमा हाल सामाजिक अभियन्ताको रुपमा चिनिन्छिन् । उनी मानव वेचविखन, बाल विवाह, लैंगिक हिंसा तथा छुवाछुत विरुद्ध डटेर लागेकी छिन् । आफु पहिला नारी उत्थान संस्थामा तथा मानव वेचविखन विरुद्धको स्थानिय समितिमा संलग्न रहेता पनि खासै सक्रिय नरहेको बताउँछिन् । कानुनी सहयोग तथा परामर्श केन्द्रद्वारा आयोजित महिला सशक्तिकरण तथा नेतृत्व विकास तालिममा भाग लिएपछि कानूनको बारेमा तथा राज्यका न्याय दिने संयन्त्रको बारेमा जानकारी पाएपछि आफुलाई यो क्षेत्रमा काम गर्न नयाँ जोस-जाँगर थपिएको बताउँछिन् । यस तालिमले आफुलाई समस्या पहिचान गर्न तथा सोको उपचारका लागि कहाँ, कसरी जाने भन्ने सम्बन्धमा समेत जानकारी भएको हुँदा बाँके जिल्लाको सबैभन्दा ठूलो समस्या वाल विवाह, दाईजो तथा घरेलु हिंसालाई नियन्त्रण गर्न आफु र आफ्नो समूह लागी परेको बताउँछिन् उनी । “राम्रो काम गर्न लाग्यो भने अरुले पनि मद्दत गर्ने रहेछन्”, हाल प्रहरीसंग राम्रो समन्वयमा काम भएकोले काम गर्न असाध्यै सहज भएको र आफ्नै नेतृत्वमा तथा प्रहरीको समन्वयमा एक दिनमा छ वटा वाल विवाह समेत रोक्न सफल भएको बताउँछिन् उनी । गाउँमा कतै महिला विरुद्ध हिंसा भयो,

छुवाछुत वा वाल विवाह हुने भयो भने प्रहरीलाई भन्दा आफुलाई पहिला खवर आउने बताउँछिन् । त्यसपछि समूह छलफल गरी कहाँ पठाउँदा न्याय पर्छ वा आफुले सम्झाई बुझाई गर्दा नै समस्याको समाधान हुन्छ, सोही आधारमा निर्णय गर्दछिन् । तर कतिपय केशमा ज्यान मार्ने सम्मको धम्की समेत पाएकी राधालाई प्रहरीले सुरक्षा दिन्छ भन्ने कुरामा विश्वस्त छिन् । आफुलाई घरेलु महिलाबाट सामाजिक अभियन्ता बनाउन नेतृत्व विकास तालिमको महत्वपूर्ण योगदान रहेको बताउँछिन् राधा ।

अन्धकारमा चन्द्रमा बनेकी चन्द्र कुमारी तामाङ्ग

कानुनी सहयोग तथा परामर्श केन्द्र ल्याकद्वारा संचालित नेतृत्व विकास तालिमले सिन्धुपाल्चोक जिल्ला, पेट्कु गा.वि.स. वडा नं. ६ की चन्द्र कुमारी तामाङ्गलाई तामाङ समुदायको अगुवा महिला बनाउन सफल भएको छ, । तालिम लिनुभन्दा अगाडि आफुलाई समाजको लागि काम गर्ने ईच्छा हुँदाहुँदै कानुनी ज्ञान नभएकोले त्यति प्रभावकारी काम गर्न नसकेको बताउँछिन् चन्द्रकुमारी । तालिम पश्चात् दाता संस्थाहरुसंग सहयोग मागी पेट्कुमा महिला सामुदायिक भवन बनाउन सफल भएकीछिन् । सोही सामुदायिक भवनमा हाल विभिन्न संस्थाहरुले कार्यक्रम सन्चालन गर्ने गरेको छ। यसै क्रममा कानुनी सहयोग तथा

परामर्श केन्द्रद्वारा संचालन भएको घुम्ती कानुनी सिविर समेत सोहि भवनमा संचालन गरिएको थियो । सबैले पेट्कुमा चन्द्र कुमारीलाई महिलाहरुको लागि अन्धकारको चन्द्रमाको उपमा दिने गरेका छन् । आफुले तालिम लिएर आएपछि समाज परिवर्तनको लागि काम गर्दै आएकी उनी अन्य संघ-संस्थाहरुलाई महिलाहरुको उत्थानका लागि एकत्रित गर्न सफल भएकीले पनि चन्द्र कुमारी तामाङ्ग हाल महिला सामुदायिक संस्थाको अध्यक्षमा निर्वाचित समेत भएकी छन् । गाउँमा कुनै पनि सभा, सम्मेलन, बैठक हुँदा पनि सक्रिय सहभागी हुने चन्द्र कुमारी स्थानिय निर्वाचन २०७४ मा गाउँपालिकाको महिला कोटाबाट सदस्यमा चुनाव लड्दै छिन् । आफु निर्वाचित भएपछि आफ्नो गाउँपालिकामा मानव वेचविखन तथा महिला हिंसा विरुद्ध शुन्य शहिष्णुता कायम गर्ने प्रतिवद्धता व्यक्त गर्दछिन् ।

तालिमले काम गर्ने क्षेत्र विस्तार भएको छ ।

सिन्धुपाल्चोक जिल्ला, कालिका गा.वि.स, वडा नं २ स्थायी घर भएकी कमला पराजुली स्वास्थ्य स्वंयसेविकाको रुपमा मानव वेचविखन विरुद्धको स्थानिय समितिमा सदस्य भएकी हुन् । कानुनी सहयोग तथा परामर्श केन्द्र ल्याकबाट आयोजित मानव वेचविखन विरुद्धको क्षमता अभिवृद्धि तालिम र महिला सशक्तिकरण तथा नेतृत्व विकास सम्वन्धी तालिममा सहभागी भएपनि निजको व्यक्तिगत जीवनमा धेरै ठूलो परिवर्तन

आएको बताउँछिन् । पहिला स्वास्थ्य बाहेक अन्य कुनै पनि तालिम गोष्ठी तथा क्षमता विकासका कार्यक्रममा सहभागी हुन नपाएको अवस्थामा मानव बेचविखन तथा ओसार पसार विरुद्धको तालिम र महिला सशक्तिकरण तथा नेतृत्व विकास सम्बन्धी तालिममा सहभागी भई सो सम्बन्धी व्यवहारिक ज्ञान लिन पाउँदा आफुलाई ज्ञानको तेस्रो आँखा खुलेको अनुभुति भएको बताउँछिन् । स्वास्थ्य स्वयंसेविकाको रुपमा समुदायमा काम गर्दा हाल मानव वेचविखन, घरेलु हिंसा, स्थानिय स्रोत-साधन, राज्यका न्यायिक निकायको वारेमा जानकारी प्राप्त भएकोले पीडितलाई न्याय दिलाउन ठूलो सहयोग पुगेकोमा आफुलाई भाग्यमानी सम्झिन्छिन् । हाल उनी महिलाको आर्थिक सशक्तिकरणको लागि आफ्नै पहलमा सहकारीको स्थापना गरी संचालन गर्दै अगाडि बढि रहेको बताउँछिन् । सहकारीबाट नै समूहमा सस्तो व्याजमा ऋण समेत उपलब्ध गराउन सफल भएपछि महिलाले हाल सानोतिनो व्यवसाय गर्न तथा घरव्यवहार गर्न कसैसंग हात फैलाउनु परेको छैन । जसको कारणबाट उनीहरुमा अचम्मको आत्मविश्वास बढेको बताउँछिन् । स्वयंसेविकाको जिम्मेवारी बहन गर्दै समाजमा सेवा गरी रहेको कुरा जानकारी गराउँदै स्थानिय निर्वाचन २०७४ मा आफुले उठ्न चाहेता पनि कामको कारणले उठ्न नपाएको हुनाले महिलाको मुद्दामा संवेदनशील तथा गाउँको विकास गर्न प्रतिबद्ध महिला उम्मेद्वारलाई भोट माग्न सक्रिय रहेको बताउँछिन् । साथै तालिम पश्चात् आफुले धेरै कुरा जानेको भनी गाउँका अरु

महिला दिदीबहिनीहरुले आफुलाई विश्वास गर्ने र आफ्नो समस्या भनेमा समाधानको बाटो देखाई दिन सक्छिन् भन्ने कुरामा विश्वास बढेको छ भन्छिन् । मानव वेचविखन विरुद्धको स्थानिय समितिको बैठक तथा नारी सचेतना केन्द्रमा हुने बैठकमा महिला अधिकार र कर्तव्यका साथै महिलाहरुलाई आई पर्ने विभिन्न समस्याहरुको बारेमा छलफल गर्ने गरेको, जसले अरु महिलाहरुलाई पनि अगाडी बढाउन तथा हिंसा पीडितलाई न्याय दिलाउन सहज भएको बताउँछिन् । कुनै समस्या परेको दिदीबहिनीहरुको समस्या समाधान गर्न थप सल्लाह चाहिएमा चौतारामा कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) मा सम्पर्क गर्ने गरेकी पनि छन् । कमलाले मानव बेचविखन विरुद्धको तालिम र महिला सशक्तिकरण तथा नेतृत्व विकास तालिमले आफ्नो कार्यक्षेत्र नै विस्तार भएको बताईन् ।

समाजसेवी सरिता

सिन्धुपाल्चोक फुल्पिङकोटकी सरिता न्यौपाने महिला स्वास्थ्य स्वयंसेविकाको रुपमा कार्यरत थिईन् । यसैक्रममा मानव वेचविखन विरुद्धको स्थानिय समितिको सदस्य हुने अवसर पाईन् र कानुनी सहयोग तथा परामर्श केन्द्रले आयोजना गरेको महिला सशक्तिकरण तथा नेतृत्व विकास तालिममा भाग लिने अवसर पाईन् । तालिम पश्चात् आफुमा समाजमा आत्मविश्वासका साथ बोल्न सक्ने तथा आफ्ना तर्क राख्न सक्ने क्षमताको विकास हुनुलाई नै प्रमुख उपलब्धी

मान्छिन् । पहिला दुई जना मान्छेको अगाडी बोल्न समेत गाह्रो मान्ने सरिता तालिम पश्चात् माईकमा भाषण गर्ने, समूहको तालिम सञ्चालन गर्ने, मानव वेचविखन तथा महिला हिंसाको विरुद्धमा तालिम, गोष्ठी सञ्चालन गर्न सक्ने क्षमता तथा ज्ञान नेतृत्व विकास तालिमबाट नै पाएको बताउँछिन् । तालिम पछि मानव वेचविखन तथा घरेलु हिंसा कम गर्न चेतना वृद्धि हुनुको साथसाथै आर्थिक सशक्तिकरणको पनि महत्व बुझेकी सरिताले आफ्नै नेतृत्वमा महिलाहरुको मात्र बचत समूह गठन गरी मिलीजुली मातृशिशु बचत तथा ऋण सहकारीको स्थापना गरी संचालन गरेको बताउँछिन् । समूहमा महिला अधिकारको बारेमा बताउन सक्ने भएकोले बैठक हुँदा महिला हक अधिकारका बारेमा बताउन अनुरोध गर्ने गरेका र जाने बुझेसम्म बताउने गरेको बताउँछिन् । “नजानेको कुरा आयो भने अरुसंग सोधेर भए पनि आफुले थाहा पाएर अर्को बैठकमा छलफल गराउने गरेको छु । सबैलाई आफैं अगाडि बढ्न सिक्नु पर्छ, अरुले अगाडि लगाउँछ कि भनेर बस्नु हुँदैन, त्यसो हुँदा सधैं अरुको भर पर्नुपर्दा आफुलाई आत्मविश्वास कम हुन्छ” भनेर भनेर अरुलाई अगाडि बढ्न हौसला दिने र अरुलाई मद्दत गर्न सधैं अगाडि सर्ने गरेकोले आफुलाई सबैले ”समाजसेवी” भन्ने गरेकोमा गर्व गर्छिन् । स्थानिय निर्वाचनमा आफ्नो वडाबाट नेतृत्व गर्न इच्छुक हुँदाहुँदै र जागिरको कारणले भाग लिन नपाएता पनि अन्य महिला नेतृलाई जिताउन चुनाव प्रचार प्रसारमा सक्रियताका साथ लागेको बताउँछिन् ।

निर्मला को निर्णय "समाज सेवा"

तारकेश्वर नगरपालिका वडा नं. २ निवासी निर्मला अधिकारी, स्थानिय महिला सञ्जालको सदस्यको हैसियतबाट मानव बेचविखन विरुद्धको स्थानिय समितिमा सदस्यको रुपमा चुनिईन् । कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) बाट मानव बेचविखन विरुद्धको स्थानिय समितिका महिला सदस्यहरुका लागि आयोजना गरेको दुईदिने महिला नेतृत्व विकास तथा महिला सशक्तिकरण तालिममा भाग लिने अवसर पाईन् । तालिममा भागलिए पछि आफ्नो काम गर्ने शैलीमा धेरै परिवर्तन भएको महशुस गरिन् । तालिम पश्चात् आफुमा नेतृत्व गर्ने क्षमताको विकास भएको, सामाजिक तथा महिलाका मुद्दामा धेरै संवेदनशिलता बढेको बताउँछिन् । नेतृत्व विकास तालिममा भाग लिएपछि आफुले आफु अध्यक्ष रहेको पञ्चकन्या प्राङ्गारिक कृषि सहकारीमा समेत आफ्नो कार्यकाल पछि सहकारीको सहज सञ्चालनको लागि नेतृत्व तयार पार्दै गरेको बताउँछिन् । "जुन कुरा तालिमबाट सिकेको थिएँ, व्यवहारमा लागू गरें" भन्छिन् ।

तालिमपछि आफ्नो समूहमा एक महिला आफु विरुद्ध घरेलु हिंसा भएको र सम्बन्ध विच्छेद गर्ने अवस्थामा पुगेको भनेर आईन् । निर्मलाको नेतृत्वमा श्रीमान् लगायत परिवारलाई नै बोलाई सम्झाई-बुझाई गरेको र फेरी ती महिलामाथि हिंसा

भएमा अब महिलालाई अंश सहितको सम्बन्ध विच्छेदको लागि निःशुल्क कानुनी सहायताको लागि रिफर गर्ने कुरा बताएपछि परिवारले महिलालाई जिम्मा लिई लगेको, त्यस पश्चात् ती महिलामाथि हिंसा नभएको, जसको कारण ती महिलाले निर्मलालाई बारम्बार फोन गरी धन्यवाद दिएको कुरा जानकारी गराईन् ।

यसका साथै निर्मलाले आफ्नो नेतृत्वमा हाल तारकेश्वर नगरपालिकामा जाडरक्सी सेवन गरी घरेलु हिंसा गर्ने व्यक्तिको विरुद्धमा अभियान नै सञ्चालन गरेकी छन्, जसको कारणले हाल समुदायमा घरेलु हिंसा धेरै कम हुँदै गएको कुरा जानकारी गराउँछिन् । निर्मला आफु पहिला राजनीतिमा त्यति बढि सक्रिय नरहेको तर तालिममा संविधानले महिलाको लागि गरेको व्यवस्था तथा स्थानिय स्तरमा महिला नेतृत्वको आवश्यकता बुझे पछि केही गर्नको लागि स्थानिय स्तरमा नेतृत्व गर्न आवश्यक छ भनि पार्टी तथा समाजमा सक्रियताका साथ लागेको बताउँछिन् । निर्मला, आफ्नो नेतृत्वले समुदायमा पारेको सकारात्मक परिवर्तनलाई मध्यनजर गरी पार्टीमा आफुभन्दा धेरै बर्ष अगाडि देखि संलग्न साथीहरुलाई नदिएर आफुलाई टिकट दिएकोले तारकेश्र नगरपालिकाको वडा नं २ बाट वडा सदस्यमा स्थानिय निर्वाचन २०७४ मा चुनाव लड्दै गरेको अनुभव सुनाउँछिन् । आफुलाई “टिकट नदिन पार्टीमा धेरै राजनीति भएको तर समुदायमा आफुले गरेको समाजसेवाको कारणले ईन्कार गर्न नसकेको” मा गर्व गर्छिन् । चुनाव सकिएपछि मानव वेचविखन

विरुद्धको स्थानिय समितिलाई अझ क्रियाशिल बनाउन स्थानिय जन प्रतिनिधीलाई समेत तालिमको आवश्यक भएको र तालिमका लागि आफुले पहल गर्ने कुरा समेत सुनाईन् । आफुले चुनाव जिते पनि वा नजिते पनि अबको बाँकी जीवन हिंसा पीडितलाई न्याय दिलाउन समाजसेवामा नै बिताउने निर्णय गरेको बताउँछिन् निर्मला ।

कलावतीको संघर्ष

सिन्धुपाल्चोक जिल्ला, इन्द्रावती गाउपालिका, वडा नं २ निवासी कलावती सुनारले करिव दुई बर्ष अगाडि कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) बाट मानव बेचविखन विरुद्धको स्थानिय समितिका महिला सदस्यहरुका लागि आयोजना गरेको दुईदिने महिला नेतृत्व विकास तथा महिला सशक्तिकरण तालिममा भाग लिने अवसर पाईन् । कहिले औपचारिक शिक्षा नलिएकी कलावतीले तालिमबाट आफुले "ज्ञानको ज्योती" नै प्राप्त गरें भन्छिन् । तालिमबाट पाएको उपलब्धीका रुपमा उनले अवसर पायो भने महिला पुरुष, गैह्र दलित सबैले समानरुपमा प्रगती गर्न सक्ने रहेछन्, सबैलाई कानूनले समान अधिकार दिएको रहेछ र नेतृत्व गर्न सधैं पदको आवश्यकता पर्दो रहेनछ भन्ने बुझेकी कलावतीले तालिमबाट फर्केदेखि नै स्थानिय निर्वाचनमा भाग लिन्छु भनि पार्टीलाई जानकारी गराईन् । तर पहिला पार्टीले तिमीले पढेलेखेको छैन भनि धेरै आनाकानी गऱ्यो । उनी चुप

लागेर बसिनन्, उनले पार्टी संग बारम्बार नेताको शैक्षिक योग्यताको कुरा कुन कानूनमा लेखेको छ भनि संघर्ष गरी नै राखिन् । यसका साथसाथै गाउँघरमा परेका घरेलु हिंसा, बलात्कारका मुद्दामा न्याय दिलाउन डटेर लागिन् । जुवातास तथा जाडरक्सीको विरुद्धमा गाउँमा सबै महिलालाई एकजुट पारी अभियान नै सञ्चालन गरिन् । त्यसैगरी तालिममा सिकेको सुरक्षित बैदेशिक रोजगारको लागि समेत काम गर्दै आईन् ।

उनी सुनाउँछिन् “मेरो भदा वैदेशिक रोजगारीमा जानको लागि अब काठमाण्डौ जान लागेको भनि मसँग विदा माग्न आए तब आफुलाई तालिमको क्रममा दिएको पुस्तक दिई यसमा सुरक्षित वैदेशिक रोजगारको बारेमा लेखेको छ, पढ भनि दिएँ । पुस्तक पढे पछि “फुपु म त ठगको फन्दामा परेछु” भनि त्यहाँबाट हिंडे र उक्त दलालबाट पैसा फिर्ता लिई पछि राम्रो कम्पनिबाट विदेश गई हालसम्म पनि विदेशबाट फोन गर्ने गरेको छ” भन्छिन् । हाल यदि वैदेशिक रोजगारीमा कोही जान लागेको भए सुरक्षित रुपमा जानको लागि उनी सूचना समेत दिने काम गर्छिन् ।

उनको गाउँमा गरेको निःस्वार्थ सेवा तथा नेतृत्व कलाको कारणले पार्टीले पनि नेत्रावती गाउँपालिका वडा नं २ को वडा सदस्यको रुपमा टिकट दिएको र हाल चुनावको प्रचार प्रसारमा व्यस्त रहेको बताउँछिन् कलावती ।

पद्मा प्रतिवद्धता

कञ्चनपुर जिल्ला, कृष्णपुर न.पा., वडा नं ५ निवासी पद्मा ओझालाई बाल्यकालदेखि नै समाजसेवा गर्ने रहर थियो तर कानुनी ज्ञान नभएको कारणले मेलोमेसो नपाएको जस्तो लाग्थ्यो । यसैक्रममा उनले कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) बाट मानव बेचविखन विरुद्धको स्थानिय समितिका महिला सदस्यहरुका लागि आयोजना गरेको दुईदिने महिला नेतृत्व विकास तथा महिला सशक्तिकरण तालिममा भाग लिने अवसर पाईन् । दुई दिनको उपरोक्त तालिम नै पद्माका लागि मुख्य ढोका खुलेको जस्तो भयो उनको व्यक्तिगत तथा सामाजिक जीवनमा । पहिलो उपलब्धी त महिलाको बारेमा रहेको व्यक्तिगत अवधारणमा नै परिवर्तन भएको बताउँछिन् उनी । महिलालाई दोस्रो दर्जाको नागरिकको रुपमा हेर्ने उनको अवधारणा नै पविर्तन भएर महिलाको पुरुष बरावर हक हुन्छ भन्दा अचम्म लागेको बताउँछिन् । दोस्रो उनीमा तालिमले आत्मविश्वासका साथसाथै बोल्ने कलामा समेत विकास भएको कारणले नै पार्टी भित्रको जिल्ला समितिमा निर्वाचित हुन सफल भएको ठान्छिन् । र हाल अब हुने स्थानिय निर्वाचनमा समेत सहभागी भै महिला अधिकार तथा देश विकासमा योगदान दिने प्रतिवद्धता गर्छिन् ।